बिगो नं.-७/१३(०८०/८१)

तेह्रथुम जिल्ला अदालत

दोस्रो पटक लिलाम वढावढको सुचना

वादी जिल्ला तेह्रथुम साविक सम्दु गाविस वडा नं. ३ हालको परिवर्तित फेदाप गाउँपालिका वडा नं. ४ घर भई जिल्ला पाँचथर साविक रवि-५ हाल मिक्लाजुङ गापा वडा नं. ४ माइतीघर बस्ने बलिमानको नातिनी उजिरमान तामाङको छोरी गोपाल लिम्बूको श्रीमती वर्ष ४३ की नबल कुमारी तामाङ तथा प्रतिवादी तेह्रथुम साविक सम्दु गाविस वडा नं. ३ हालको परिवर्तित फेदाप गाउँपालिका वडा नं. ४ बस्ने रनध्वज लिम्बूको नाती इद्र बहादुर लिम्बूको छोरा वर्ष ४३ को गोपाल लिम्बू भएको मानाचामल मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७९/०१/०६ गतेको फैसला बमोजिम नाबालक छोरी माङ्सा लिम्बूले साबालक भएसम्म मासिक रु.५,०००/-(पाँच हजार रुपैयाँ) र वादी नवलकुमारी तामाङले प्रतिवादीवाट गुजारा खर्च वापत एकमुष्ट रु.१८०,०००/- (एकलाख असि हजार रुपैयाँ) भरिपाउने ठहरेकोले वादीले भराईपाउने बिगो रु.१८०,०००/- (एक लाख असि हजार रुपैयाँ) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादी गोपाल लिम्बूको एकासगोलको बाबु इन्द्रबहादुर लिम्बूका नाममा रहेको तपशिलमा उल्लेखित सम्पतिवाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०८०/१०/०३ गते यस अदालतमा दोस्रो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

२०८०।९।८ तहसिलदार शाखा अधिकृत

तपशिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८०/१०/०३ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।वाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. डाँक लिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने जग्गाको तर्फ | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इद्रबहादुर लिम्बू | सम्दु-३ | ४४० | ३-०-३-० | पश्चिम तर्फबाट | विगो रकमले खामेजति | विगो रकम बमोजिम | ४ भागको १ भाग मात्र लिलाम हुने |
| २ | इद्रबहादुर लिम्बू | सम्दु-३ | ४४८ | ६-१३-२-० | उत्तर तर्फबाट | | | |
| | | कि.नं.४४८ मा बनेको कच्ची घर | | | घरको उत्तर तर्फबाट | | | |
| ३ | इद्रबहादुर लिम्बू | सम्दु-४ | ४१७ | ८-१५-२-० | उत्तर तर्फबाट | | | |
| ४ | इद्रबहादुर लिम्बू | सम्दु-३ | ४४२ | ६-१०-०-० | दक्षिण तर्फबाट | | | |

सूचना टाँस हुने

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- मालपोत कार्यालय सक्रान्तीबजार
- नापी कार्यालय सक्रान्तीबजार
- फेदाप गाउँपालिका वडा नं. ४ को कार्यालय
- साविक सम्दु गा.वि.स. वडा नं. ३ को कि.न. ४४८ मा बनेको कच्ची घर तथा सो समेतका जगा
- अदालतको सूचना पाटी

ईती संम्बत २०८० साल पुस ४ गते रोज ३ शुभम्......

सूचना पाटी